# तामाकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,
जफे, दोलखा

प.सं. :- २०७६/०७७

प्रथम पटक पत्रिकामा सूचना प्रकाशन मिति २०७६।१०।२५

## औषधी तथा सर्जिकल्स सामग्री खरिद सम्वन्धी सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना

### दरभाउ-पत्र नम्बर ०१/७६/७७

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सर्जिकल्स सामग्रीहरु खरिद गर्न सिलबन्धी दरभाउ-पत्र आह्वानको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले सिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रू.३०००।- (अक्षेरुपी तिन हजार मात्र) पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाई कार्यालय समयभित्र दरभाउ-पत्र खरिद गर्न सकिनेछ । दरभाउ-पत्र खरिद गर्नको लागि निवेदकले नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०७५/०७६ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु १०।- को टिकट टाँसी निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६ औं दिन को १२:०० बजे भित्र दरभाउ-पत्र रीत पूर्वक भरी यस कार्यालयमा सिलबन्दी लाहछाप गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउ-पत्रहरू सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि सिलवन्दी दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट खोलिनेछ ।

३ . सिलवन्दी दरभाउ-पत्र दर्ता गर्दा जमानत वापतको रकम रु ८८,००० (अक्षेरुपी रु अठ्ठासि हजार मात्र) यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता न.१३००३००००००००३०००१२ चरिकोट दोलखा मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको (दरभाउ-पत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ। दरभाउ-पत्रदाताको दरभाउ-पत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

४. दरभाउ-पत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउ-पत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन ।

५. दरभाउ-पत्रदाताले आफुले खरिद गरेको दरभाउ-पत्र सिलवन्दी लाहछाप गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको दरभाउ-पत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ-पत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै दरभाउ-पत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउ-पत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र एकमुष्ट वा पटक पटक गरि माग गरेको औषधी तथा सर्जिकल्स सामग्री बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पुर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम कारवाही हुनेछ। सम्पुर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. सप्लाई हुने औषधि WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको बाहिर उत्पादन मिति, म्याद समाप्त मिति एबंम ब्याच नम्बर र नेपाल सरकारबाट निशुल्क वितरण भनि स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ। साथै सप्लाई गरिने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको Manufacturing date बाट Expiry date कम्तीमा १८ महिना बाँकी हुँदा स्टोर दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु कुनै पनि हालतमा बुझिलिईने छैन । तर कुनै औषधीको जम्मा Expiry date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

८. मुल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।

९. दरभाउ-पत्र स्विकृत गर्दा प्याकेजको रुपमा गरिनेछ ।

१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (पछिल्लो संसोधन) र सार्वजनिक खरिद नियमावली, २०६४ (नवौं संसोधन २०७६) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

११. दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. दरभाउ-पत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

| क.सं. | सूचना नं./प्याकेज | कार्य विवरण | दरखास्त दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १-०७६/०७७ औषधी | औषधी तथा सर्जिकल्स सामग्री खरिद | रु ३,०००।- | रु ८८,०००।०० | मु.अ.कर बाहेक |

..........................

प्रमुख प्रशासकीय अधिकृत